# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, असार ३० गते, २०७९ साल (सङ्ख्या ९

## भाग ४

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## भूल सुधारको सूचना

खण्ड ६) अतिरिक्ताङ्क ७, मिति २०७९।०३।२१ को प्रदेश राजपत्र भाग १ मा यस मन्त्रालयबाट प्रकाशित प्रदेश आर्थिक ऐन, २०७९ को अनुसूची-१ र अनुसूची-२ मा देहाय बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छः-

**१. अनुसूची-१ को,-**

(क) खण्ड (क) मा रहेको घर, जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क अन्तर्गतको,-

(१) सि.नं. ३. को,-

(अ) क. को (अ) को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको दोस्रो महलमा "१.५%" र (आ) को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको दोस्रो र तेस्रो महलमा क्रमशः "२%" र "१%",

(आ) ख. को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको दोस्रो र तेस्रो महलमा क्रमशः "१५%" र "१०%"।

(२) सि.नं. ४. को,-

(अ) क. को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको पहिलो, दोस्रो र तेस्रो महलमा क्रमश "०.३%", "०.३%" र "०.३%",

(आ) ख. को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको पहिलो, दोस्रो र तेस्रो महलमा क्रमशः "०.४%", "०.४%" र "०.४%",

(इ) ग. को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको दोस्रो र तेस्रो महलमा क्रमशः "०.५%" र "०.५%"।

(३) सि.नं. ९. को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको पहिलो महलमा "१%" ।

(४) सि.नं. ११. को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको पहिलो महलमा "१%" ।

(५) सि.नं. १४. को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको पहिलो महलमा "१%" ।

(६) सि.नं. १५. को रजिष्ट्रेशन शुल्कको दर अन्तर्गतको पहिलो महलमा "०.२५%" ।

(ख) खण्ड (ख) मा रहेको सेवा शुल्क अन्तर्गतको,-

(१) सि.नं. १ मा "लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा प्रति लिखत डोर शुल्क/ दस्तुर",

(२) सि.नं. ५. को ङ को सेवा शुल्कको दर अन्तर्गतको पहिलो महलमा "३.५%"।

(ग) खण्ड (ग) विविध अन्तर्गत,-

(१) सि.नं. ३. मा रहेका "शून्य दशमलव पाँच" भन्ने शब्दहरु पछि "(०.५) प्रतिशत",

(२) सि.नं. २७ मा "भूमिसुधार/मालपोत कार्यालय अन्तर्गतबाट प्रबाह हुने सेवाहरू प्राप्त गर्नका लागि कारागारमा रहेका कैदीबन्दी तथा थुनुवा समेतको निवेदन प्राप्त हुन आएमा सम्बन्धित कारागार प्रमुख वा तोकिएको कर्मचारीले सो निवेदन सम्बन्धित भूमिसुधार/मालपोत कार्यालयमा पठाई तहाँबाट प्राप्त अनुरोध सहितको पत्र तथा कागजातमा कारागार रहेको क्षेत्रको भूमिसुधार/मालपोत कार्यालयका कर्मचारीबाट सही सनाखत गराउन डोर खटाउन सकिनेछ। यसरी सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहबरमा गर्नुपर्नेछ"।

**२. अनुसूची-२ को,-**

(क) क्र.सं. १ मा रहेको सवारी साधन कर अन्तर्गतको,-

(१) सि.नं. १ को घ. को सवारी साधनको वर्गीकरण अन्तर्गतको (अ) मा "१२५ सि.सि. सम्म", (आ) मा "१२५ सि.सि. भन्दा माथि १५० सि.सि. सम्म", (इ) मा "१५० सि.सि. भन्दा माथि २२५ सि.सि. सम्म", (ई) मा "२२५ सि.सि. भन्दा माथि ४०० सि.सि. सम्म" र (उ) मा "४०० सि.सि. भन्दा माथि ६५० सि.सि. सम्म" ।

(२) सि.नं. ३ को,-

(अ) (क) को मोटरसाइकल/स्कूटर अन्तर्गतको (इ) मा "१५०० वाट भन्दा माथि",

(आ) (ख) को कार, जीप, भ्यान, माइक्रो बस र बस अन्तर्गतको (आ) मा "५० किलोवाटभन्दा माथि १२५ किलोवाटसम्म" र (इ) मा "१२५ किलोवाट भन्दा माथि देखि २०० किलोवाट सम्म",

(इ) (ग) सार्वजनिक विद्युतीय सवारी साधन अन्तर्गतको (अ) मा "२० किलोवाट भन्दा माथि ५० किलोवाटसम्म", (आ) मा "५० किलोवाटभन्दा माथि १२५ किलोवाटसम्म" र (इ) मा "१२५ किलोवाटभन्दा माथि देखि २०० किलोवाट सम्म" ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-